सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# २०८० बैसाख देखी २०८० असार सम्म
# (आ. व. २०७९।०८० को वार्षिक समेत)
## सम्पादित प्रमूख क्रियाक्लापहरुको विवरण

सूदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय कन्चनपुर

अधिकृत (छैठौं)

## स्वतः प्रकाशन

### ( Proactive Disclosure)

नेपालको संविधानको धारा २७ तथा सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफूले सम्पादन गरेका क्रियाक्लापहरुको विवरण स्वतः प्रकाशन गर्नु पर्ने व्यवस्था रहेको छ ।सोही ऐन तथा नियमावलीमा भएको व्यवस्था कार्यान्वयनका साथै यस पूर्वाधार विकास कार्यालय कन्चनपुरबाट भए गरेका काम कार्वाहीहरुको यथार्थ जानकारी सेवाग्राही तथा सरोकारवाला सबै सम्म पुगोस भन्ने अभिप्रायका साथ यस कार्यालयबाट २०८० बैसाख देखी २०८० असार मसान्त ( आ. व. २०७९।०८० को बार्षिक समेत ) सम्म सम्पादन भएका मूख्य मूख्य क्रियाक्लापहरुको जानकारी यस स्वतः प्रकाशन (Proactive disclosure) मार्फत यहाँ प्रस्तुत गरिएको छ ।

मिति : २०८०।०४।१५

पूर्वाधार विकास कार्यालय
कन्चनपुर

अधिकृत (छैठौं)

बिषय - सूची पेज नं


१. पूर्वाधार विकास कार्यालय कन्चनपुरको स्वरुप र प्रकृति ........................................१

२. पूर्वाधार विकास कार्यालय कन्चनपुरको काम, कर्तब्य र अधिकार ........................................१

३. पूर्वाधार विकास कार्यालय कन्चनपुरमा रहने कर्मचारी सँख्या र कार्य विवरण ........................१

क) पूर्वाधार विकास कार्यालय कन्चनपुरको स्वीकृत दरबन्दी सँख्या ........................................१

ख) पूर्वाधार विकास कार्यालय अन्तरगत रहेका फाँट र शाखाहरु........................................२

४. पूर्वाधार विकास कार्यालय कन्चनपुरबाट प्रदान गरिने सेवाहरु ........................................२

५. निर्णय गर्ने प्रकृया र अधिकारी ........................................२

६. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........................................२

७. सम्पादन गरेको मूख्य मूख्य कामको विवरण........................................२

८. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण ........................................३

क) राजश्व सँकलन सम्बन्धी विवरण ........................................३

ख) कार्यालय खर्च सम्बन्धी विवरण........................................४

९. ऐन, नियम, बिनियम वा निर्देशिकाको सूची ........................................४

१०. सूचना माग सम्बन्धी निवेदन र सूचना दिईएको बिषय........................................५

११. सूचना प्रकाशन सम्बन्धी विवरण ........................................५

१२. कार्यालय प्रमूख र सूचना अधिकारीको नाम , पद र सम्पर्क नम्बर........................................५

१३. पूर्वाधार विकास कार्यालय कन्चनपुरको वेवसाईट तथा सम्पर्क ठेगाना ........................................५


अधिकृत (छैठौं)

## १. पूर्वाधार विकास कार्यालय कन्चनपुरको स्वरुप र प्रकृति

सुदूर पश्चिम प्रदेश सरकार अन्तरगत रहेको भौतिक पूर्वाधार विकास मन्त्रालय २०७४ फाल्गुन बाट स्थापना भएपश्चात सो मन्त्रालय अन्तरगत गठित पूर्वाधार विकास कार्यालय, कैलाली मातहतमा यस कञ्चनपुर जिल्ला कार्यक्षेत्रमा रहेको थियो । तत पश्चात मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको मिति २०७६।०८।१३ गतेको निणर्यानुसार यो पूर्वाधार विकास कार्यालय, कञ्चनपुर मिति २०७६।०९।१६ गतेबाट स्थापना भई सञ्चालनमा आएको हो। कन्चनपुर जिल्ला कार्यक्षेत्र रहेको यो कार्यालयले सडक, पूल लगायत भौतिक पूर्वाधार निर्माण सँग सम्बन्धित प्रकृतिका योजनाहरुको कार्यान्वयन गर्ने गर्दछ ।

## २. पूर्वाधार विकास कार्यालय कन्चनपुरको काम, कर्तब्य र अधिकार

- सुदूर पश्चिम प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्राप्त स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कञ्चनपुर जिल्ला अन्तगत रहेका सडक, सडक पुल र झोलुगें पुल योजनाहरुको कार्यान्वयन गर्ने गराउने।
- विशेषत मन्त्रालयबाट प्राप्त स्वीकृत कार्यक्रम अनुसार योजनाहरुको निर्माण, मर्मत संभार तथा स्तोरन्नती कार्यहरु सञ्चालन/ कार्यान्वयन गर्ने गराउने ।
- यस कार्यालयबाट सँचालित योजनाहरुकोलागि प्रयोग गर्न लागिएका निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परिक्षण गर्ने गराउने।

## ३. पूर्वाधार विकास कार्यालय कन्चनपुरमा रहने कर्मचारी सँख्या र कार्य विवरण

### क) पूर्वाधार विकास कार्यालय कन्चनपुरको स्वीकृत दरबन्दी विवरण

| क्र.सं. | पद नाम | तह | सेवा/समूह/उपसमूह | स्वीकृत दरबन्दी संख्या | पूर्ति संख्या | रिक्त दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ईन्जिनियर | अधिकृतस्तर ७/८ | नेपाल इन्जिनियरिङ्ग/सिभिल | १ | १ | ० | |
| २ | सब इन्जिनियर जनरल | सहायक स्तर/अधिकृतस्तर ५/६ | नेपाल इन्जिनियरिङ्ग/सिभिल | ३ | ३ | ० | |
| ३ | ना. सु. | सहायक स्तर/अधिकृतस्तर ५/६ | नेपाल प्रशासन/प्रशासन | १ | १ | ० | |
| ४ | लेखापाल | सहायक स्तर/अधिकृतस्तर ५/६ | नेपाल प्रशासन/लेखा | १ | १ | ० | |
| ६ | हलुका सवारी चालक | श्रेणी विहिन | | १ | १ | ० | रिक्त दरबन्दीमा करार सेवाबाट पदपूर्ति गरिएको |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | | १ | १ | ० | रिक्त दरबन्दीमा करार सेवाबाट पदपूर्ति गरिएको |
| | जम्मा | | | ८ | ८ | ० | |

ख) पूर्वाधार विकास कार्यालय कन्चनपुर अन्तरगत रहेका फाँट र शाखाहरु

| क्र. सं. | फाँट । शाखा | कोठा नं. | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय प्रमुख | १ | |
| २ | प्रशासन शाखा | २ | |
| ३ | प्राविधिक शाखा | ३, ५, ६ | |
| ४ | आर्थिक प्रशासन शाखा | ४ | |
| ५ | ल्याव फाँट | ७ | |
| ६ | जिन्सी फाँट | ८ | |

## ४ पूर्वाधार विकास कार्यालय कन्चनपुरबाट प्रदान गरिने सेवाहरु

- सुदूर पश्चिम प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय बाट स्वीकृत भई आएको वार्षिक कार्यक्रम अनुसार भौतिक पूर्वाधार निर्माण सँग सम्बन्धित सडक ( नयाँ ट्र्याक खोल्ने तथा सडक स्तरोन्नती गर्ने लगायत), पूल ( मोटरेवल पुल, झोलुँगे पूल, कल्भर्ट लगायत ), ढल ब्यवस्थापन आदि सम्बन्धी एक बर्षे तथा बहु बर्षिय योजनाहरुको डी. पी. आर., सर्भे, डिजाईन, ल. ई., बोलपत्र आह्वान लगायत निर्माण सँग सम्बन्धित सम्पूर्ण प्राविधिक र प्रशासनिक कार्यहरु ।
- यस कार्यालयबाट निर्माणाधीन योजनाहरुको निर्माण कार्य तथा निर्माण सामग्रीको गुणस्तर परीक्षण सम्बन्धी कार्य ।

### ५. निर्णय गर्ने प्रकृया र अधिकारी

कार्यालयले कार्य फछ्र्यौटको क्रममा सामान्य प्रकृतिका विषयमा सम्बन्धित पत्रमा नै आदेश गरी निर्णयमा पुग्ने र कानुनी राय उपलब्ध गराउने जस्ता विषयमा सम्बन्धित शाखाको कर्मचारीबाट टिप्पणी उठान भई कार्यालय प्रमुखबाट निर्णय प्रक्रिया सम्पन्न हुन्छ ।

## ६.निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रचलित कानून बमोजिम ।

## ७. सम्पादन गरेका मूख्य मूख्य कामको विवरण

आ. व. २०७९।०८० को असार मसान्त सम्म सम्पादन गरिएका मूख्य मूख्य कामहरु

- जिल्ला स्थित बिभिन्न स्थानीय निकाय तथा वडा हरु र सम्बन्धित उपभोक्ताहरु सँग समन्वय गरी चालु आ. व. मा स्वीकृत भै आएका योजनाहरुको सर्भे, डिजाईन, ल. ई. लगायतका कार्य सम्पन्न गरि बोलपत्र पकृयामा गएको ।

- यस कार्यालयबाट कार्यान्वयन हुने गरी आ व २०७९।०८० मा स्वीकृत भै आएका तथा बोलपत्र प्रकृयामा गएका योजनाहरुको बिवरण :
  - NCB ( e-Bid) - ४९ वटा प्याकेजमा २१३ वटा योजनाको बोलपत्र आह्वान भै कार्यान्वयनमा गएको ।
  - SQ (e-Bid ) - ६ वटा प्याकेजमा ६ वटा योजनाको Seald quotation भएको ।
  - Multi Year Project (e-Bid ) - यस आ. व. मा ५ वटा बहुबर्षिय आयोजनाको बोलपत्र आह्वान गरिएकोमा २ वटा सम्झौता भई कार्यान्वयन चरणमा रहेको तथा ३ वटा बोलपत्र आह्वान भै प्रकृयामा रहेको ।
  - कार्यान्वयनमा रहेका बहुबर्षीय स्वीकृती प्राप्त आयोजना (Multi year Projects) हरुको सँख्या : ३४ वटा ।
  - गत बिगत आ. व. देखी क्रमागत रही कार्यान्वयनमा रही कार्य सम्पन्न भै नसकेका साना योजनाहरुको सँख्या : १३१ वटा
- आ. व. २०७९।०८० मा सम्पन्न भएका योजनाको विवरण
  - आ. व. २०७९।०८० को बार्षिक कार्यक्रमबाट कार्यान्वयनमा गै निर्माण कार्य सम्पन्न भएका योजना सँख्या : ४१ वटा
  - गत विगत आ. व. देखी क्रमागत रहेका योजनाहरु मध्ये यस आ. व. २०७९।०८० मा कार्य सम्पन्न भएका योजनाहरुको सँख्या : ३३ वटा
- गत बिगत आ. व. मा बोलपत्र भै कार्यान्वयनमा रहेका क्रमागत तथा बहुबर्षिय योजनाहरुको सूपरिवेक्षण, अनुगमन गरी निर्माण कार्यमा ताकेता गरिएको ।
- निर्माण कार्यमा ढीला सुस्ती देखिएका आयोजनाहरुमा यथाशीघ्र निर्माण कार्य अगाडी बढाउन सम्बन्धित निर्माण ब्यवशायीहरुलाई पटक पटक पत्राचार तथा विवाद देखीएका योजनाहरुमा आवश्यक समन्वय गरिएको ।

## ८.आम्दानी,खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण(आ.व. २०७९।०८० को )

क) राजश्व सँकलन सम्बन्धी विवरण

| क्र. सं. | राजश्व शीर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | अन्य प्रशासनिक सेवा शुल्क | २४७६१२७ | |
| २ | प्रशासनिक दण्ड जरिवाना र जफत | ७१२०२६ | |
| ३ | बेरुजु | ३८६६७६० | |
| | जम्मा | ७०,५४,९१३ | |

अधिकृत (छैठौं)

ख) कार्यालय खर्च सम्बन्धी विवरण

| क्र. सं. | बजेट शीर्षक | बार्षिक बजेट | बार्षिक खर्च | कार्यक्रम अनुसार खर्च प्रतिशत | कूल (चालु र पूँजिगत ) खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चालु | ८७,०२,९७५ | ७१,१५,६७९.६० | ८१.७६ | ८१.७६ | प्रदेश सरकार |
| २ | पूँजीगत | १,२७,४०,६०,६७० | ९०,६८,२६,६४४ | ७१.१८ | | प्रदेश सरकार |
| ३ | पूँजीगत (स्थानीयस्तरका सडक पुलहरु) | ५,००,००,००० | ४,९८,०९,०८६ | ९९.६२ | | सँघ शसर्त अनुदान |
| ४ | पूँजीगत (सम्भावित रणनीतिक सडकहरु ) | २,८०,००,००० | २,५३,३२,७९४ | ९०.४७ | ६८.७० | सँघ शसर्त अनुदान |
| ५ | तराई मधेश सडक पूर्वाधार विशेष कार्यक्रम | ५,०३,७८,००० | ३६,८५,९९५ | ७.३२ | | सँघ शसर्त अनुदान |
| ६ | पूँजीगत (सम्भावित प्रादेशिक सडकहरु ) | ६,८५,००,००० | २,४७,६८,४२२ | ३६.१९ | | सँघ शसर्त अनुदान |
| जम्मा | | १,४७,९६,४१,६४५ | १,०१,७५,३८,६२०.६० | | | |

## ९. ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची

कार्यालय संग सम्बन्धित ऐनहरु कार्यालयको वेभसाईटमा उपलब्ध गराईएको छ ।यसका साथै नियमावली, कार्यविधि, निर्देशिका लगायत अन्य कानुनहरुलाई पनि वेभ साईटमा राखिएको छ ।

## १०. सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषयः-

माग गरिएको सूचना ऐन नियमावलीले तोकेको समयावधी भित्रै उपलब्ध गराउने गरिएको ।

## ११. सूचना प्रकाशन सम्बन्धी विवरणः-

यस कार्यालयबाट प्रकाशन गरिने सूचनाहरु तथा सँचालित योजना तथा कार्यक्रम र खर्च सम्बन्धी आवधिक र बार्षिक प्रतिवेदनहरु सार्वजनिक जानकारीकोलागि कार्यालयको वेभसाइट तथा सूचना पाटीमा प्रकाशन गर्ने गरिएको तथा मौखिक रुपमा माग गरिएका सूचनाहरु मौखीक रुपमै र फोन द्धारापनि उपलब्ध गराईने गरिएकोछ।

## १२. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम , पद र सम्पर्क नम्बर

क) कार्यालय प्रमुख : धीरेन्द्र भट्ट
पद : ईन्जिनियर
सम्पर्क नम्बर : ९८५८७७६८७३

ख) सूचना अधिकारी : आन सिह डाँगा
पद : अधिकृत
सम्पर्क नम्बर : ९८५८७७६८९२
email : idokanchanpur@gmail.com

## १३. पूर्वाधार विकास कार्यालय कन्चनपुरको वेवसाईट तथा सम्पर्क ठेगानाः-

वेभसाईटः idokanchanpur.sudurpashchim.gov.np
ईमेलः- idokanchanpur@gmail.com
सम्पर्क नं.०९९-५२४२७८, ०९९-५२०६०९
ठेगाना : पूर्वाधार विकास कार्यालय
भिमदत्त नगरपालिका वार्ड नं ४ कञ्चनपुर ,
सुदूरपश्चिम प्रदेश ।